




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ८ गते शनिबार ❑ 22 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## प्रधानमन्त्रीमा ओली र देउवाको दाबी

**रासस**
**काठमाडौं, ७ जेठ**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्रीका लागि राष्ट्रपतिसमक्ष दाबी पेश गरेका छन् ।

प्रधानमन्त्री ओलीले विश्वासको मत नलिने भन्दै संविधानको धारा ७६ (५) अनुसार नयाँ सरकार गठनको प्रक्रिया सुरु गर्न अनुरोध गरेपछि राष्ट्रपतिले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि शुक्रबार जेठ ७ गते साँझ ५:०० बजेसम्म प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको प्रतिनिधिसभाका सदस्यलाई बिहीबार आह्वान गरेकी थिइन ।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नयाँ प्रधानमन्त्रीमा आफ्नो पार्टी एमाले र जनता समाजवादी





पार्टी (जसपा) का गरी १५३ प्रतिनिधिसभा सदस्यको समर्थन रहेको आधारसहित राष्ट्रपतिसमक्ष दाबी गरेका छन् ।

वर्तमान प्रधानमन्त्री ओलीले एमालेका १२१ र जसपाका ३२ गरी १५३ जना सांसदको समर्थन आफूलाई रहेको पत्रसहित नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री पदका लागि दाबी गरेको उनका मुख्य सल्लाहकार विष्णु रिमालले जानकारी दिए । सो दाबीपत्रमा जसपाका तर्फबाट अध्यक्ष महन्थ ठाकुर र संसदीय दलका नेता राजेन्द्र महतो तथा एमालेका अध्यक्ष एवं दलका नेता ओलीले हस्ताक्षर गरेका छन् ।

यसै गरी प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले १४९ सांसदको हस्ताक्षरसहित प्रधानमन्त्री पदमा दाबी गरेका छन् । उनले संविधानको धारा ७६ (५) बमोजिमको सरकार गठनका लागि विपक्षी दलको गठबन्धनका सांसदको हस्ताक्षरसहित राष्ट्रपतिको कार्यालयमा उक्त दाबी गरेका हुन् ।

सभापति देउवाको दाबीमा कांग्रेसका ६१, नेकपा (माओवादी केन्द्र)का ४९, नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपाल पक्षका २६, जनता समाजवादी पार्टी नेपालका १२ र राष्ट्रिय जनमोर्चाका एक गरी १४९ प्रतिनिधिसभाका सांसदको हस्ताक्षर रहेको कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाणले जानकारी दिए । प्रतिनिधिसभामा हाल २७१ जना सांसद संख्या रहेको छ ।

सभापति देउवाको दाबी प्रस्तुत गर्न जाँदा राष्ट्रपतिको कार्यालयमा विपक्षी दलका शीर्ष नेताको समेत उपस्थिति रहेको थियो । सो अवसरमा सभापति देउवासँगै कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विमलेन्द निधि, महमन्त्रीद्वय शशांक कोइराला र पूर्णबहादुर खड्का, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र अन्य स्थायी समितिका सदस्यहरु, एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, जसपाको संघीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, अध्यक्ष उपेन्द्र यादव, राजमोका दुर्गा पौडेललगायतको उपस्थिति थियो ।

## मणिपाल र जिएमसीले निःशुल्क उपचार गर्न थाले

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

पोखराका दुई निजी अस्पताल मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेज (जिएमसी) ले कोभिडका बिरामीको निःशुल्क उपचार गर्न सुरु गरेका छन् ।

पोखरा ११ स्थित फुलवारीमा रहेको मणिपालले केही दिन अघि देखि निःशुल्क रुपमा कोभिडका बिरामीको उपचार गर्न सुरु गरेको हो भने पोखरा नयाँबजारमा रहेको जिएमसीले शुक्रबारदेखि उक्त सेवा संचालन गरेको हो ।

यस अघि सःशुल्कमा कोभिडका बिरामीको उपचार गर्दै आएका मणिपाल र जिएमसीले अबदेखि कोभिडका गम्भिर प्रकारका बिरामीको दैनिक १५ हजार रुपैयासम्मको खर्च निःशुल्क रुपमा गर्ने भएका हुन् । सरकारले संक्रमितको अवस्था हेरेर ३ हजार ५ सयदेखि १५ हजारसम्म दैनिक उपचार खर्च अस्पताललाई प्रदान गर्ने भएको छ जुन रकम अस्पतालले सरकार समक्ष माग गर्ने भएका हुन् । यदि दैनिक १५ हजार भन्दा बढी खर्च लाग्ने कोभिडका बिरामी भएमा स्यवम आफैले व्यबस्थापन गर्नु पर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । जिएमसी र मणिपाल शिक्षण अस्पतालले संक्रमितको निःशुल्क उपचार गर्न सरकार सँग सम्झौता गरेका हुन् । पोखरामा दुई सामुदायिक पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) र संक्रामक तथा सरुवा रोग अस्पतालबाट निःशुल्क रुपमा कोरोनाका बिरामीको उपचार हुदै आएको छ। नेपाल सरकारसंग मणिपालले निःशुल्क कोभिडका बिरामीको उपचार गर्ने गरी सम्झौता गरे अनुसार केही दिन अघि देखि निःशुल्क उपचार हुन थालेको अस्पताल श्रोतले जनाएको छ ।

हाल आफुहरुसँग कोभिडका केही बिरामीको उपचार गर्ने वेड समेत तयारी अबस्थामा राखिएको अस्पतालका निर्देशक कृष्ण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा १०५३ संक्रमित, १९ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ३८३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

शुक्रबार कास्कीमा १९५ जना पुरुष तथा १८८ जना महिला गरी ३८३ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा प्रदेशमा दुई हजार ६७ जनाको नमुना परीक्षण गरिएकोमा थप एक हजार ५३ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। कास्कीका ३८३ सहित स्याङ्जाका ३२ जना, बाग्लुङ्का २०४ जना, पर्वतका ६२ जना, म्याग्दीका १०७ जना, तनहुँका ५४ जना, गोरखाका ९८ जना, लमजुङ्का ३६ जना र नवलपुरका ७४ जना गरी प्रदेशका नौ जिल्लामा ५५४ पुरुष तथा ४९९ जना महिलामा कोरोना पुष्टि भएको हो ।

यो सँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३३ हजार ११३ पुगेको छ। पछिल्लो २४ घण्टामा १३९६ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २२ हजार ७९४ पुगेको छ ।

पोखराका अस्पतालहरुमा उपचाररत ११ जनासहित गण्डकी प्रदेशमा १९ जना कोरोना संक्रमितहरुको पछिल्लो २४ घण्टामा मृत्यु भएको छ । मृतकहरु कास्की जिल्लाका ९ जना, स्याङ्जाका २ जना, नवलपुरपूर्व जिल्लाका २ जना, पर्वतका ३ जना र तनहुँ जिल्लाका ३ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ४९३ पुगेको छ ।

## ८ हजार ६०७ जनामा कोरोना पुष्टि, १७७ को मृत्यु

**रासस**
**काठमाडौं, ७ जेठ**

थप आठ हजार ६०७ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै सङ्क्रमितको सङ्ख्या चार लाख ९७ हजार ५२ पुगेको छ।

थप २३ हजार २२६ जनाको पिसिआर परीक्षण तथा ८७३ को एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो । पिसिआर विधिबाट आठ हजार ४०७ तथा एन्टिजेनबाट २०० जनामा सङ्क्रमण पुष्टि भएको हो । हालसम्म पिसिआर परीक्षण गराउनेको सङ्ख्या २८ लाख ७८ हजार १४६ पुगेको छ। हाल ९१२ सङ्क्रमित क्वारेन्टिनमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए । हालसम्म तीन लाख ७४ हजार ८३६ जना कोरोना मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर सात हजार ८९० सङ्क्रमित निको भएर घर फर्किएका छन्। निको हुने दर ७५ दशमलव चार प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल देशभर एक लाख १६ हजार १९२ सक्रिय सङ्क्रमित छन्।

काठमाडौं उपत्यकामा पछिल्लो समय दुई हजार ४४७ सङ्क्रमित थपिएका छन्। ती काठमाडौंमा एक हजार ७५२, ललितपुरमा ४०० तथा भक्तपुरमा २९५ मा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

काठमाडौंमा हाल सक्रिय सङ्क्रमितको संख्य २२ हजार १९३ रहेको छ। हालसम्म कोरोनाबाट एक लाख ५० हजार १९३ निको भएका छन् भने एक हजार ३६७ सङ्क्रमितको मृत्यु भएको छ । यस्तै ललितपुरमा हाल ६ हजार ८५६ सक्रिय सङ्क्रमित रहेका छन् । हालसम्म २२ हजार ४३६ सङ्क्रमित निको भएका छन् भने कोरोनाबाट ३६३ सङ्क्रमितको मृत्यु भएको छ। यस्तै भक्तपुरमा चार हजार ८६४ सक्रिय सङ्क्रमित छन् । निको हुनेको संख्या १२ हजार ६७८ रहेको छ भने २७१ सङ्क्रमितले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

पछिल्लो समय सङ्क्रमणबाट थप १७७ सङ्क्रमितको मृत्यु भएको छ । योसँगै सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ६ हजार २४ पुगेको मन्त्रालयले जनाएको छ। बिहीबार कोरोनाबाट १९० सङ्क्रमितको मृत्यु भएको थियो।

## स्वास्थ्य सामग्री व्यवस्थापनका लागि ७२ पालिकामा बजेट विनियोजन

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले शुक्रबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पदभार ग्रहण गर्नुभएको छ।

सरकारले हालै प्रदेशमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय थप गरेपछि मुख्यमन्त्रीले मन्त्रालयमा पुगेर जिम्मेवारी सम्हाल्नुभएको हो। पदबहालीका क्रममा उहाँले स्वास्थ्य सुरक्षा सामग्रीसहित कोरोना रोकथामका कार्यक्रममा खर्च गर्ने गरी मागका आधारमा प्रदेशका ७२ वटा स्थानीय तहमा रु पाँच लाखका दरले रकम उपलब्ध गराउने निर्णय गर्नुभएको छ । कोरोना संक्रमितहरुको उपचारका लागि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अक्सिजन प्लान्टका लागि डेढ करोड संकलन, तीन करोड बढीको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

गण्डकी प्रदेशको सबैभन्दा ठूलो सरकारी अस्पताल पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अक्सिजन प्लान्ट स्थापनाका लागि विभिन्न संस्था तथा व्यक्तिबाट रु एक करोड ५१ लाख सात हजार ६४० सहयोग सङ्कलन भएको छ।

प्लान्ट स्थापनाका लागि 'रु १०० दान गरौं, महामारीमा प्राण राखौं' भन्ने नाराका साथ आर्थिक सङ्कलन महाअभियान सञ्चालन गरिएको थियो । पोखराको अग्रणी व्यापारिक घराना बतास अर्गनाइनेशनको सक्रियतामा शुरु गरिएको अक्सिजन प्लान्ट स्थापना अभियानमा हालसम्म रु तीन करोड ३३ लाख ६९ हजार ५१ सहयोगको प्रतिबद्धता प्राप्त भएको अर्गनाइजेशनका अध्यक्ष आनन्दराज बतासले जानकारी दिनुभयो । नयाँ भेरिएन्टसहितको कोरोना भाइरस सङ्क्रमणको फैलावट बढ्दै जाँदा अस्पतालमा उपचाररत




बिरामीलाई अक्सिजनको सहायता आवश्यक परेको र अस्पतालको आफ्नै अक्सिजन प्लान्ट नहुँदा बिरामीले ज्यान गुमाउनुपर्ने बाध्यता अन्त्य गर्नका लागि निजी क्षेत्रको अग्रसरतामा अभियान शुरु गरिएको थियो ।

कोरोनाका बिरामीका लागि ५० शयूया छुट्याएको अस्पतालको आफ्नै प्लान्ट नहुँदा निजी कम्पनीबाट अक्सिजन आपूर्ति हुँदै आएको छ। अक्सिजन प्लान्ट स्थापना गर्नका लागि बतास फाउण्डेशनका अध्यक्ष बतासको अध्यक्षतामा अक्सिजन प्लान्ट निर्माण समितिसमेत गठन गरिएको छ।

सो समितिको संरक्षकमा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी रहनुभएको छ । कोषाध्यक्षमा अटोवेज प्रालिका अध्यक्ष नारायण पौडेल हुनुहुन्छ। यसैगरी सदस्यमा केसी ग्रुपका किरण केसी, पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष विश्वशङ्कर पालिखे, एभरेष्ट एफएमका प्रबन्ध निर्देशक दीपेन्द्र श्रेष्ठ, सुपरमादी हाइड्रो प्रालिका अध्यक्ष पुष्पज्योति दुङ्गाना र सेलवेज डिपार्टमेन्टल स्टोर्स प्रालिका अध्यक्ष सुशीलमान प्रधानाङ्ग हुनुहुन्छ । अक्सिजन प्लान्ट स्थापनाका लागि कम्पनी (भेण्डर) छनोट गर्ने एवं निर्धारित समयमा द्रुतमार्गबाट स्थापना गरी अस्पताल व्यवस्थापनलाई हस्तान्तरणलगायतका काम पारदर्शीरूपमा गर्ने प्रतिबद्धता जनाउँदै नागरिकको जीवन बचाउने अभियानमा सहभागी हुन समितिले अपिल गरेको छ।

रु पाँच करोड लागतमा निर्माण गर्न लागिएको अक्सिजन प्लान्ट गण्डकी प्रदेशकै सबैभन्दा ठूलो प्लान्ट हुने र यसबाट दैनिक १५० सिलिण्डर अक्सिजन उत्पादन क्षमताको हुने अध्यक्ष बतासले जानकारी दिनुभयो । प्लान्ट स्थापनाका लागि ग्लोबल आइएमई बैंकको खाता नं ६५०१००००४७७ मा रु १०० देखि आफूले चाहेजति पैसा जम्मा गर्न सकिने जनाइएको छ।




# 'सरकार नागरिकलाई बचाउन लाग'

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

कोरोना महामारीको दोस्रो भेरियन्टका कारण जनजीवन निकै प्रभावित बनिरहेको जनाउँदै सरकारबाट यथाशिघ्र खोप व्यवस्थ गरेर नागरिक को जिऊ ज्यान बचाउन पोखरा पर्यटन परिषद्ले सरकारलाई ध्यानाकर्षण गराएको छ।

परिषद् एक विज्ञप्ति जारी गर्दै अहिलेको अवस्थामा सरकारले नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर कदम चाल्न आग्रह गरेको हो। विज्ञप्तिमा भनिएको छ "दिनप्रतिदिन बढ्दो सङ्क्रमीतको संख्या र सङक्रमणका कारण मृत्यु हुनेको ग्राफ उकालो लागिरहेको छ । यस अघि दुई चरणसम्म कोभिडबिरुद्धको राष्ट्रिय खोप कार्यक्रमले सर्वसाधरणमा आत्मबल बढाएको थियो तर अहिले खोप आयात र वितरणमा समस्या देखिँदा सर्वसाधारणमा निराशा छाउँदै गएको छ।"

महामारीको यो संकटको अवस्थामा राज्यको पहिलो दायित्व नागरिकको जीऊ ज्यानको रक्षा भएको उल्लेख गर्दै सरकारले खोपको व्यवस्था गरेर नागरिकको बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्न परिषद्को माग छ। विज्ञप्तिमा नेतृत्व आफू खोप लगाएर सुरक्षित भएपछि नागरिकको स्वास्थ्य प्रति गम्भिर नभएको र जिम्मेवार नेतृत्व व्यक्तिगत आर्थिक लाभ तर्फमात्र सोचेर बस्दा खोप खरीद गर्ने प्रक्रियामा सरकारको मौनताले नागरिकमा उदासिनता छाएको उल्लेख गरिएको छ। "स्वास्थ्य जस्तो संवेदनशील कुरामा सरकार कसरी मौन बस्न सक्छ ? यसले हामीलाई निकै दुःख लागेको छ।" परिषद् सरकारलाई खोप उत्पादक कम्पनी र मुलुकसँग कुटनीतिक पहल गरेर यथासक्य छिटो खोप उपलब्ध गराउन तर्फ सरकारको ध्यानकार्षण गराएको छ।

त्यसैगरी परिषद्ले महामारीले पर्यटन क्षेत्रलाई प्रत्यक्ष प्रभाव पारेको जनाउँदै पर्यटन क्षेत्रलाई सुरक्षित राख्न यस क्षेत्रका पर्यटन व्यवसायी कर्मचारी र मजदुरलाई खोप अनिवार्य लगाउन आवश्यकता रहेको जनाएको छ। सरकारले पर्यटन क्षेत्रलाई छिटो भन्दा छिटो खोप व्यवस्था गर्न आग्रह गर्दै यदि सरकराले विलम्ब गरेमा विकल्पमा आफूहरुले नै खोप ल्याउन तयार रहेको पनि उल्लेख गरेको छ । "पर्यटन क्षेत्र सुरक्षित नभएसम्म देशको अर्थतन्त्र पनि कमजोर हुँदै जाने निश्चित छ । हामी चाहान्छौ सरकारबाटै यस कार्यलाई छिटो भन्दा छिटो सम्बोधन गरियोस् ।" विज्ञप्तिमा भनिएको छ "सरकारले यस कार्यमा विलम्ब गर्छ भने सरकारसँग पोखरा पर्यटन परिषद् आग्रह गर्दछ, 'हामी हाम्रो पहलमा पर्यटन व्यवसायी, कर्मचारी र यस सम्बद्ध मजदुरहरुका लागि निजी प्रयास र खर्चबाट खोप आयात गरेर लगाउने व्यवस्था मिलाउँछौं। यसमा सरकारले समन्वय र सहयोग मात्र गरिदिओस्।"

निजी क्षेत्रलाई विश्वासमा लिएर सरकारले खोप आयातमा कुटनीतिक पहल गर्ने हो भने मुलुकमा छिटो खोप आयात भै नागरिकलाई लगाउने वातावरण मिल्ने देखिएकाले यथाशिघ्र यसमा ध्यान दिन पनि परिषद्दे जोडदार माग गरेको छ।

# पत्रकार महासंघ कास्कीलाई स्वास्थ्य सामाग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**



पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका वरिष्ट कन्सल्टेन्ट सर्जन सह प्रा.डा. अर्जुन आचार्य र समाजसेवी मिना कुमारी गुरुङले नेपाल पत्रकार महासंघ कास्कीलाई शनिबार स्वास्थ्य सामाग्री उपलब्ध गराएको हो।

कोरोनामहामारीमाअग्रभागमा खटिएर काम गर्ने पत्रकारहरुका लागि डा. आचार्य र समाजेसवी गुरुङले छ हजार थान मास्क र १५ लिटर सेनिटाइजर नेपाल पत्रकार महासंघलाई उपलब्ध गराएको हो । डा. आचार्यले ३ हजार ५ सय मास्क र ५ लिटर सेनिटाइजर पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीलाई हस्तान्तरण गरेका हुन् । डा. आचार्य पोखरा स्वास्थ्य विज्ञान निर्देशनालयका निःवर्तमान निर्देशक पनि हुन्।

यसैगरि कास्की ल्वाङ घर भई हाल हङकङ निवासी गुरुङले प्रविण मर्सानी मार्फत सहयोग सामाग्री उपलब्ध गराएकी हुन् । गुरुङले उलब्ध गराएको २ हजार ५ सय मास्क र १० लिटर सेनिटाइजर मर्सानीले महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनालाई शनिबार नै हस्तान्तरण गरेका हुन्।

डा. आचार्यले अहिलेको कठिन अवस्थामा पत्रकारहरुले अग्रभागमा खटिएर काम गर्नुपर्दा कोरोना संक्रमणको जोखिम बढेको भन्दै सहयोग गरिएको बताए। नेपाल पत्रकार महासंघ, कास्कीकी अध्यक्ष विमला भण्डारीले डा. आचार्यलाई धन्यवाद दिदैं आगामी दिनमा महासंघको कुनै सदस्यलाई गाह्रो परेको खण्डमा चिकित्सीय सुझावको पनि अपेक्षा गरिन् । उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले मास्क उपलब्ध गराएकी समाजसेवी गुरुङलाई धन्यवाद व्यक्त गर्दै कोरोना संक्रमण उच्च रहेका जिल्लामा क्रियाशिल पत्रकारलाई स्वास्थ्य सामाग्रीको उचित प्रयोग गरेर कामगर्न आग्रह गरे । उनले महासंघलाई प्राप्त मास्क तथा स्वास्थ्य सामाग्रीहरु प्राथमिकताका आधारमा जोखिम खटिने जिल्लाका पत्रकारहरुलाई उपलब्ध गराउने बताए। हङकङमा भएरपनिमातृभुमीकापत्रकारहरुको स्वास्थ्यप्रतिचासो दिने समाजसेवी गुरुङबाट तिमिल्सिनाले आगामीदिनमापनि यस्तै खालको माया र सहयोगको अपेक्षा गरे।

# चलचित्र पत्रकार संघ कास्कीले भर्चुअल रुपमा मनायो स्थापना दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

चलचित्र पत्रकार संघको २२ औं स्थापना दिवस तथा चलचित्र पत्रकारिता दिवसका अवसरमा चलचित्र पत्रकार संघ कास्कीले शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।

भर्चुअल रुपमा आयोजना गरिएको कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, चलचित्र पत्रकार संघ कास्कीका संस्थापक अध्यक्ष श्रीराम सिग्देल, निवर्तमान अध्यक्ष रेम विक, सल्लाहकार भोजबहादुर गुरुङ, जितेश प्रधान, राजाराम पौडेलको उपस्थिति रहेको थियो।

कार्यक्रममा शुभकामना दिँदै नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले पत्रकार समाजको सम्भाहक भएको बताइन्। चलचित्रले सिङ्गो देश परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको उदाहरण दिँदै यसको विकासका लागि चलचित्र पत्रकार संघ कास्कीसँग समन्वय गरेर महासंघले कार्यक्रम तय गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले कोरोना संक्रमणका कारण नेपालभर १२ जना पत्रकारले ज्यान गुमाएको जानकारी गराउँदै सुरक्षित तवरले पत्रकारिता पेशामा खटिन आग्रह गरिन् । उनले भनिन्, 'यो बेला जिवन जोगाउने बेला हो। आफुलाई जोगाएर पत्रकारिताको धर्म निभाउन आग्रह गर्दछु। रंगपत्रकारमा परेका समस्यामा पत्रकार महासंघ सँगै छ। अप्ठेरो परेको बेला सम्झिन अनुरोध छ।' सबै क्षेत्रका पत्रकारको हितका लागि महासंघले कार्यक्रमको आयोजना गर्ने तयारी गरिरहेको उनले बताइन्।

चलचित्र पत्रकार संघ कास्कीका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले २०५५ सालमा भरत शाक्यको अध्यक्षतामा चलचित्र पत्रकार संघको स्थापना भएको जानकारी गराए । २०६० सालमा पोखरामा स्थापना भएको बताउँदै पछिल्लो कार्यसमितिबाट उदाहरणीय काम भएको प्रति खुशी व्यक्त गरे । निवर्तमान अध्यक्ष रेम विकले चलचित्रका क्रियाकलापन नहुँदा पनि संघले कार्यक्रमहरुको आयोजना गर्नु सह्रानिय भएको बताए । कोरोनाका बेला पनि भर्चुअल रुपमा कार्यक्रमको आयोजना गर्न उनले आग्रह गरे।

गुरुङ फिल्म एशोसियसनका जिफानका अध्यक्ष भोजबहादुर गुरुङले कोरोनाले गुरुङ चलचित्र क्षेत्रलाई असर गरिरहेको जानकारी गराए । दर्शकमा मनोविज्ञान परिवर्तन भइरहेको बताउँदै समय अनुसार चलचित्र निर्माणमा परिवर्तन गर्नुपर्ने आवश्यकतालाई उनले औंल्याए। समय सापेक्षित चलचित्र निर्माणमा जोड दिँदै चलचित्र पत्रकारहरुमा पनि प्राविधिक अध्ययनको आवश्यकता रहेको उनले बताए।

चलचित्र पत्रकार संघ कास्कीका सल्लाहकार राजाराम पौडेलले महामारीका समयमा सबै एक भएर हातेमालो गर्दै अगाडि बढ्नुपर्ने बताए । चलचित्रका गतिविधि नभएता पनि पत्रकारले खोजी गर्नुपर्ने विषयलाई उनले जोड दिए । चलचित्र पत्रकार संघ कास्कीका अध्यक्ष अरुण गिरीले २२ औं स्थापना दिवसका अवसरमा प्रदान गरिने जित प्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार प्रदान गर्न नपाउँदा दुख लागेको बताए। कोरोना कहर साम्य हुनासाथ उपयुक्त समयको व्यवस्थापन गरी पत्रकारिता पुरस्कार प्रदान गरिने उनले बताए । संघले गरेका गतिविधिका बारेमा जानकारी गराउँदै अध्यक्ष गिरीले आफु नेतृत्वको कार्यसमिति आएपछि कोरोना महामारी पनि आएको र सोचेजस्तो काम अझै गर्न नसकिएको बताए।

आगामी दिनमा पत्रकार महासंघसँग सहकार्य गरेर चलचित्र क्षेत्रको विकासका लागि कार्यक्रमको आयोजना गरिने उनले बताए । कार्यक्रममा सल्लाहकार जितेश प्रधान, चलचित्र व्यवसायी तथा जित प्रसाद द्वा पत्रकारिता पुरस्कारका संस्थापक निकेश द्वाले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको संचालन सचिव प्रभु अधिकारीले गरेका थिए।

# कास्की काँग्रेसको छलफल क्षेत्र नं १ (ख) मा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

कोरोना महामारीसँगै अब हुन सक्ने प्राकृतिक विपत्का बेला जनताको साथमा रहने प्रतिवद्धतासहित कसरी जनतासँग जोडिने भन्ने विषयमा नेपाली काँग्रेस कास्कीले छलफल जारी राखेको छ।

कास्कीका ६ वटै प्रदेश सभाका नेता तथा कार्यकर्तासँगै छलफल गरी विपत्मा जनतासँग कसरी जोडिने भन्ने विषयमा निर्णय गरिने कास्की काँग्रेसका सभापति कृष्ण केसीले बताउनुभयो।

बिहीबार नेपाली काँग्रेस क्षेत्र नं १ (क) कास्कीबाट शुरु गरिएको छलफल शुक्रबार १ (ख)मा चलाइएको प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । जुममार्फत् गरिएको सो छलफलमा त्यस प्रदेश सभा निर्वाचन क्षेत्रका अगुवा नेता तथा कार्यकर्ता, निर्वाचित जनप्रतिनिधि र शुभेच्छुक सहभागी हुनुहुन्थ्यो । कास्की काँग्रेसका सभापति कृष्ण केसीले समन्वय गर्नुभएको कार्यक्रममा नेता शुक्रराज शर्मा, यज्ञ बहादुर थापा, प्रदेश १(ख) सभापति कृष्ण कोइराला, पोखरा महानगरसभापति बजिरमान श्रेष्ठलगायतले बोल्नुभएको थियो । अहिलेको कोराना महामारी र वर्षा मौसयामसँगै हुन सक्ने बाढीपहिरो जस्ता घटनामा धनजनको क्षति हुँदा जनतालाई कसरी सहयोग र राहत दिन सकिन्छ भनेर कास्की काँग्रेसले छलफल शुरु गरेको कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले बताउनुभयो।

# पत्रकार पौडेलको स्मृतिमा महासंघको श्रद्धाञ्जलीसभा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

नेपाल पत्रकार महासंघ कास्कीले पत्रकार गणेश पौडेलको स्मृतिमा शुक्रबार श्रद्धाञ्जलीसभा आयोजना गर्यो।

महासंघका अध्यक्ष विमला भण्डारीको नेतृत्वको टोली पौडेलकै निवास पोखरा ३३ बागमारामा पुगेर श्रद्धाञ्जलीसभा आयोजना गरेको हो । उक्त अवसरमा महासंघकी अध्यक्ष भण्डारीले पौडेल कर्मठ, निडर पत्रकार भएको स्मरण गरिन्।

उनले पौडेलको निधनले पत्रकार महासंघ र पत्रकारिता जगतलाईनै अपूरणीय क्षति पुर्याएको बताइन्। उक्त अवसरमा महासंघका पदाधिकारी, कार्यसमिति सदस्यका साथै अन्य पत्रकारहरु पनि सहभागी थिए।

पत्रकार पौडेलको वैशाख २९ गते बिहीबार निधन भएको थियो। स्वर्गीय पौडेलका श्रीमती र दुई छोरा छन्। पौडेल विगत डेढ दशकदेखि पत्रकारितामा सक्रिय थिए। पौडेल पोखरास्थित गण्डकी टेलिभिजनमा कार्यरत थिए।

# पोखराका...

वाय गाँउकरले बताए। मणिपाल शिक्षण अस्पताल कोभिड उपचार केन्द्रका संयोजक डा. अभिसेक मास्केले हाल आफुहरुसंग एक सय वेड क्षमताको कोभिडका बिरामीहरु व्यबस्थापन गर्न सकिने भए पनि हाल ४५ जना कोभिडका बिरामीहरु भएको जनाए । रोटरी क्लवहरुको सहकार्यमा आफुहरुलाई कोभिड उपचार केन्द्रमा आवश्यक पर्ने अक्सिजन ग्याँस सिलिण्डरदेखि स्वास्थ्य सामग्री समेत प्राप्त भएको बतएका उनले अस्पतालमा पोखरा क्षेत्रको मात्र नभई देशका विभिन्न क्षेत्रबाट समेत गम्भिर प्रकारका बिरामीहरु समेत उपचार गर्न आउने जनाए। अस्पतालमा १० वटा भेन्टिलेटर र १५ वेडको आइसियू वेड रहेको अस्पताल श्रोतले जनाए। हिजोआज कोरोनाका बिरामीले गर्दा अस्पतालमा हाल आइसियू वार्ड सधै जसो प्याके हुने डा. मास्केले जनाए।

# प्रमका अध्यक्षतामा निर्देशक समिति

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ जेठ**

अध्यादेशमा कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारको व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन प्रधानमन्त्रीका अध्यक्षतामा १० सदस्यीय निर्देशक समितिसमेत गठन गरिने उल्लेख छ।

समितिका सदस्यमा उपप्रधानमन्त्री, स्वास्थ्य तथा जनसंख्या, गृह, अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति र परराष्ट्रमन्त्री, मुख्य सचिव र प्रधानसेनापति रहने व्यवस्था गरिएको छ । निर्देशक समितिले कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा सुरक्षा र आपूर्ति व्यवस्था तथा बाह्य सहयोगका लागि सम्बन्धित निकायलाई परिचालन गर्ने सक्ने जनाइएको छ।

# स्वास्थ्य...

अक्सिजनसहितको कोभिड-१९ केयर युनिट(आइशोलेसन सेन्टर) सञ्चालनका लागि संरचना तयार, अक्सिजन पाइपलाइन जडान, अक्सिजन सिलिण्डर खरिद, फेस मास्क तथा पल्स अक्सिमिटर व्यवस्थापनमा सो बजेट विनियोजन गरिएको बताइएको छ । पदबहालीपछि कर्मचारीहरुलाई निर्देशन दिँदै मुख्यमन्त्री गुरुङले कोरोना भाइरसँग जुध्नका लागि खोप खरिद र भण्डारण गर्दै गाउँगाउँसम्म खोप कार्यक्रम लैजानुपर्ने बताउनुभयो। पिसिआरपरीक्षणको नतिजा आउन ढिलाइ भएकाले समेत संक्रमण तीव्ररूपमा फैलिएको बताउँदै उहाँले पिसिआर रिपोर्ट २४ घन्टाभित्र उपलब्ध गराउने गरी काम गर्न निर्देशन दिनुभयो।

सरकारले स्वास्थ्य मन्त्रालयलाई स्मार्ट बनाउने र स्मार्ट हेल्थको कार्यक्रम अघि बढाउने योजना रहेको बताउँदै मुख्यमन्त्री गुरुङले जिल्ला अस्पतालहरुको सुदृढीकरण सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो।

कोभिड-१९ रोकथाम र उपचारका लागि निजी अस्पतालहरु र पालिकाहरुसँग समन्वयन गरी प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन गर्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, 'यो सङ्कटको बेला हो, युद्धको बेला हो । महामारीलाई परास्त गर्न सबैले सहकार्य गर्नुपर्छ, समन्वय गर्नुपर्छ।'


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# होम आइसोलेसन र मानसिक स्वास्थ्य

**डा. सुप्रिया शेरचन भट्टचन**

बढ्दै गरेको कोभिड १९ को संक्रमणले आज देश संकटमा परेको छ। दिनहुँ हजारौं संक्रमित बढ्नुका साथै बढ्दो मृत्युदरले सबैको मनमा डर र त्रास पसेको छ।

स ं त्र ऽ ि म त म ध य े सबैभन्दा बढी बिरामीहरु अहिले होम आइसोलेसनमा र क्वारेन्टाइनमा बसेका छन्। जटिल खालका कोरोनाको लक्षण भएका बिरामीहरुको उपचार अस्पतालको कोभिड वार्डदेखि आइसीयूमा भइरहेको छ। होम आइसोलेसनमा बस्दा हामी शारीरिक लक्षणको त ख्याल राख्छौं। तर मानसिक स्वास्थ्यको बारेमा पनि ध्यान दिन जरुरी हुन्छ।

एक मनोचिकित्सकको नाताले पनि यो महामारीको समयमा होम आइसोलेसनमा बस्दा मानसिक स्वास्थ्यलाई के कसरी ध्यान दिन सकिन्छ भन्ने विषयमा जानकारी गराउन चाहन्छु। हुन त कोरोनाको पहिलो लहरमा थुप्रै बिरामीहरु कोभिडसँग सम्बन्धित एन्जाइटीका लक्षण र अन्य समस्याहरु लिएर हाम्रो ओपिडीमा नआएका होइनन्। तर अहिले बहिरंग सेवाहरु बन्द छन्। त्यसैले यो आपतकालीन परिस्थितिमा होम आइसोलेसनमा बढीरहेको मानसिक समस्याहरुको अनुमान लगाउन गाह्रो छ।

यसर्थ सबै होम आइसोलेसनमा बस्नु भएका कोभिड बिरामीहरुले आफ्नो दैनिकीको सूची बनाउन जरुरी हुन्छ। आफुलाई रुची भएको क्रियाकलापमा आवद्ध हुनुपर्छ। जसले मनलाई विचलित हुनबाट जोगाउँछ। अन्यथा एउटै कुराहरु बारम्बार मनमा आउने, झर्को लाग्ने, कोभिडकै बारेमा पनि धेरै सोचेर नभएका लक्षणहरु पनि भएझैं हुने र मन आत्तिने हुन्छ। कोरोनाले ज्यान नै लाने हो की अथवा मेरो शरीरको अंगहरु नै नष्ट बनाउने हो की भन्ने कुराहरुले मन उदास र निरास बनाउन सक्छ। साथै गहिरिएर सोचमा परेपछि नकारात्मक विचारहरु आउन सक्छ। यसले ज्यान नै जाने सम्भावना नआउला पनि भन्न सकिन्न।

यसबाट बच्न सकिने विभिन्न उपायहरु यहाँ उल्लेख गरिएका छन् :

- सामाजिक सञ्जालमा धेरै समय नबिताउने।
- बिहान बेलुका आफूले जति सकिन्छ व्यायाम (योग, मेडिटेशन आदी) गर्ने।
- होम आइसोलेसनमा रहँदा सुत्ने र उठ्ने समय निर्धारण गर्ने।
- लागू पदार्थको सेवन नगरौं।
- मन आत्तिने र डर लागे जस्तो हुने साथ साथै शारीरिक लक्षण जस्तै, मुटुको चाल बढ्ने, श्वास प्रश्वासमा गाह्रो हुने, पसिना आउने, मुख सुके जस्तो लक्षण बारम्बार भइरहे टेलिफोन सम्पर्कबाट मनोचिकित्सकसँग परामर्श लिने।
- नकारात्मक सोचहरु आइरहेमा नजिकैको परिवारजन वा साथीसँग खुलेर कुरा गर्ने, नभए मनोचिकित्सकसँग परामर्श लिने
- क्षणिक गाह्रो वा उकुस-मुकुस भएमा आफुलाई तुरुन्तै डिस्ट्र्याक गर्ने, कसैलाई फोन गर्ने, मन परेको संगीत सुन्ने। त्यो वातावरणबाट आफूलाई अलिक पर नै लैजाने, लामो- लामो श्वास लिने जस्ता उपाय अपनाउन सकिन्छ।

तसर्थ होम आइसोलेसनमा बस्दा समयानुसार समायोजन गर्ने क्षमता बढाउ र भावनात्मक द्धन्द्धबाट विचलित नहौं।

(डा सुप्रिया भक्तपुर अस्पतालमा मनोचिकित्सकको रुपमा कार्यरत छिन्।) साभार : स्वास्थ्य खबर।

# चिकित्सक भन्छन् "तन, मन थाक्यो भन्ने छुट छैन"

**–जमुना वर्षा शर्मा**
**पोखरा, ७ जेठ**

कोरोना महामारीको दोस्रो भेरियन्ट देखापरेसँगै सङ्क्रमितको चाप बढेको छ। लक्षण सहित कोरोना पोजेटिभ देखिएकाहरूलाई फोक्सोमा असर गर्ने तथा निमोनिया हुनेजस्ता जटिलताले अघिल्लोभन्दा यस पटक अस्पतालमा भर्ना हुने बढ्दो छन्।

अहिलेको जोखिममा ज्यानको पर्वाह नगरी अस्पतालमा दिनरात चिकित्सक, नर्ससहितका स्वास्थ्यकर्मी अहोरात्र खटिरहेका छन्। निरन्तर सेवामा खटिरहँदा कतिपय चिकित्सक, नर्स एवम् अन्यस्वास्थ्यकर्मी आफै पनि सङ्क्रमित हुन पुगेका छन्। नेगेटिभ रिर्पोट आएको भोलिपल्टै सेवामा खटिनुपर्दा पर्याप्त आराम गर्ने समय पनि यतिबेला चिकित्सक, नर्ससहितका स्वास्थ्य क्षेत्रमा काम गर्नेहरूलाइ नभएको उनीहरू बताउँछन्।

कन्सल्टेण्ड फिजिसियन डा. सरोज पोखेल भन्नुहुन्छ, "अहिलेको कठिन अवस्थामा तन, मनलाई थकान गर्न दिने छुट छैन। आँखा अगाडि बिरामीको छटपटाहट देख्दा भोक, प्यास र परिवारनै विर्सन्छौं।" डा. पोखरेल यो अवस्था सृजना हुनुमा स्वयम् मानिसनै दोषी भएको ठान्नुहुन्छ। "मानिस स्वयम्कै कारणले यो सब भैरहेको छ, सामान्य स्वास्थ्य मापदण्ड पनि नअपनाइँ हामी हिडिरहेका छौं। मानिसको आवागमन नरोकिएसम्म र स्वास्थ्य सतर्कता नअपनाएसम्म हामी सुरक्षित हुन सक्दैनौं", उहाँले स्वास्थ्य सामान्य विषय नभएकाले विशेष सर्तकता अपनाएर आफू र आफन्तलाई जोगाउन सबैको सकारात्मक भूमिकाको खाँचो औल्याउनुभयो।

सहप्राध्यापक एवम् वरिष्ठ फिजिसियन डा. सुवास भट्टराई अहिले डाक्टरहरू मानसिक र शारीरिक रूपमै निकै थकित भएर बिरामीको उपचारमा खटिरहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "अहिले धेरै चिकित्सक एवम् स्वास्थ्यकर्मी जोखिम मोलेर सेवामा निरन्तर लागिरहनु भएको छ, कतिपय चिकित्सक जिम्मेवारी निभाउँदा आफै सङ्क्रमित हुन पुग्नु भएको छ।" उहाँ थप्नुहुन्छ, "उपचारमा खटिरहँदा र उपचार गर्दैगर्दा बिरामीलाई बचाउन नसक्दा उनीहरूमा पनि मानसिक तनाव र नैराश्यता आउँछ नै तर पनि अहिलेको कठिन अवस्थामा थकित भएँ, गाह्रो भयो, आराम गर्छु भनेर कुनै चिकित्सक घरमा बस्नु भएको छैन।" उहाँले आफन्त परिवारबाट टाढा रहेर निरन्तर सेवामा खटिएकाले चिकित्सक एवम् स्वास्थ्यकर्मीको मनोबल कमजोर हुने खालका टिकाटिप्पणी सामाजिक सञ्जालहरूमा पोष्ट नगर्न पनि आग्रह गर्नुभयो। पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखराका उपप्राध्यापक एवम कोभिड मेडिकल वार्डका डा. डेभिड श्रेष्ठ आफ्नोबारेमा भन्दा पनि बिरामीको स्वास्थ्यलाई प्राथमिकतामा राखेर निरन्तर सेवामा खटिएको बताउनुभयो। "हाम्रो पेशा मात्र होइन धर्म पनि हो, अहिलेको महामारी औषधिले मात्रै निको हुने खालको छैन, यस्तो अवस्थामा बिरामीलाई आवश्यक परामर्शसहित आत्मबल उच्च बनाउने हाम्रो पहिलो कर्तव्य हो", डा श्रेष्ठ भन्नुहुन्छ। उहाँले बिरामीका समस्या बाहेक अहिले चिकित्सकलाई परिवार, आफन्त इष्टमित्रसँग हालखबर सोध्ने समय समेत खासै नभएको बताउनुभयो।

पोखरा नयाँबजारस्थित गण्डकी मेडिकल कलेजका आवासीय चिकित्सक डा. विराज बराल शारीरिक र मानसिक रूपमा निकै थकित भएपनि कर्तव्य र जिम्मेवारीसँगै मानवीय सेवाको लागि निरन्तर खटेको बताउनुहुन्छ। "निरन्तर सङ्क्रमितको उपचारमा छौ, कतिलाई बचाउन सकिन्छ कतिलाई सकिदैन, बचाउन नसक्दा एकदम नरमाइलो लाग्छ, मृतकका आफन्तको अनुहारमा बगेको आँशुले हामीलाई पनि स्तब्ध बनाउँछ।" गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक तथा कोरोना नियन्त्रण तथा रोकथाम कार्यक्रमका प्रवक्ता विनोद विन्दु शर्माले हाल पोखरामा आठ हजार हाराहारीमा सङ्क्रमित होम आइसोलेसनमा रहेको र करिब साढे तीनसयदेखि चारसय २५ जनाले अस्पतालमा उपचार गराइरहेको जानकारी दिनुभयो।

# कोरोना संक्रमितलाई सम्मान, प्रोत्साहनसहित निःशुल्क भोजन

**– ध्रुवसागर शर्मा**
**म्याग्दी, ७ जेठ (रासस)**

हाम्रो नेपाली समाजमा केवल सांस्कृतिक, धार्मिक, सामाजिक, भौगोलिक र आर्थिक मात्रै होइन, आत्मिक विविधता पनि हुँदोरहेछ भन्ने प्रशस्त उदाहरण अहिले देखिन थालेका छन्। नयाँ भेरिएन्टसहितको कोभिड-१९ को महामारीले हाम्रो देश थलिएको छ। देशका सबै अङ्गहरू शिथिल र निस्क्रिय रहेको अवस्थामा म्याग्दीका ग्रामीण भेगमा उच्च मानवीय भावनाका रहरलाग्दा सङ्केत देखिएका छन्।

अन्यन्त उदाहरणीय काम पनि भएका छन्। ती काममध्येको एउटा हो- कोरोना सङ्क्रमित भएर मानसिक र शारीरिकरूपमा कमजोर भएका व्यक्तिलाई सम्मान र प्रोत्साहनसहित दैनिक पोषिलो निःशुल्क भोजनको व्यवस्था। मानिस रोगले मात्रै होइन, मनोवैज्ञानिकरूपमा समेत कमजोर बन्दै गइरहेका छन्। कोरोना सङ्क्रमणको लहर आउनुभन्दा अघि गाउँमा कोही बिरामी भएको थाहा हुनेबित्तिकै फलफूल र पोषिला खानेकुरा लिएर भेट्न जाने, बिरामीसँग कुरा गर्ने, हौसला बढाउने, सँगसँगै बसेर सुख दुःखका कुरा गर्ने नेपालीको विशिष्ट चलन अहिले कोरोना सङ्क्रमणको डरले गायब भएको छ। मानिस बिरामीलाई भेट्न, नजिक बस्न, कुरा गर्न त परको कुरा कोरोना सङ्क्रमित व्यक्ति भएको घरको बाटो भएरसमेत हिँड्न छाडेका अवस्थामा म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ पिप्लेमा सञ्चालित कोभिड अस्थायी अस्पतालमा उपचाररत बिरामीलाई स्थानीयवासीले प्रोत्साहित मात्र गरेका छैनन्, स-सम्मान निःशुल्क पौष्टिक भोजनको समेत व्यवस्था गरेका हुन्। स्थानीय युवा क्लब, आमा समूह र सामाजिक सङ्घसंस्थाको समन्वयमा पिप्लेमा निःशुल्क भोजनको व्यवस्था गरिएको छ। कोरोना सङ्क्रमण पुष्टि भएर उपचारका लागि अस्थायी कोभिड अस्पतालमा आएका सङ्क्रमितसँगै बिरामी कुरुवा, आफन्तलाई समेत निःशुल्क भोजनालय सञ्चालन गरिएको वडाध्यक्ष जीवनकुमार मल्लले बताउनुभयो। "सङ्क्रमितले खानुपर्ने सबै पौष्टिक आहारको व्यवस्था मिलाइएको छ, घरमै बसेका सङ्क्रमितलाई भन्दा पनि धेरै सुविधा दिने गरी समुदाय परिचालन भएका छन्", अध्यक्ष मल्लले भन्नुभयो। कोभिड अस्थायी अस्पतालमा उपचाररत बिरामीलाई अस्पतालको नजिकै रहेको मन्दिर परिसरमा सञ्चालन गरिएको भोजनालयमा स्थानीय न्यू सन्तोष सेवा युवा क्लब, नेपाल रेडक्रस सोसाइटी पिप्ले उपशाखा, सिवाइजी क्लबलगायत स्थानीय अन्य सङ्घसंस्थाले सङ्क्रमितको प्रतिरोधात्मक शक्ति बढाउने खानालाई प्राथमिकता दिएका छन्। "समय- समयमा आवश्यक पर्ने खानाका लागि मेन्यू नै तयार गरिएको छ, समुदायको सहयोगले सङ्क्रमित भएर उपचारका लागि आउनुभएका बिरामीसमेत उत्साहित हुनुहुन्छ", न्यू सन्तोष सेवा युवा क्लबका सचिव मुक्तिप्रसाद शर्माले भन्नुभयो।

उहाँले विश्वव्यापीरूपमा फैलिएको कोरोनाको सङ्क्रमणबाट जोगिन र सङ्क्रमितको उपचार तथा रेखदेखमा सघाउनु मानवीय धर्मका साथै हरेकको जिम्मेवारी भएको बताउनुभयो। स्थानीयवासीको उदाहरणीय अभियानमा सघाउन स्वदेश तथा विदेशमा रहेका रघुगङ्गावासीले समेत साथ दिएका छन्। स्वयंसेवकहरूले भान्सादेखि सङ्क्रमित व्यक्ति रहेको आइसोलेशनकक्षसम्म बिहानदेखि बेलुकीसम्म नै बिरामीका लागि खानासँगै तातोपानी, बेसारपानी, सुपलगायत आवश्यक पर्ने खानेकुराको निःशुल्क उपलब्धता गराउने गरेका छन्। उपचारपछि घर फर्किने सङ्क्रमितले समेत सबैलाई भेटेरै धन्यवादसमेत दिने गरेका छन्।

होम आइसोलेशनमा बस्न नसक्ने अवस्थाका र शरीरमा अक्सिजनको अभाव भएकालाई अक्सिजन दिनुपर्ने, दीर्घरोगी सङ्क्रमितहरू संस्थागत आइसोलेशनमा छन्। हालसम्म आइसोलेशनबाट ११ जना कोरोनामुक्त भएर घर फर्किएका छन् भने बिहीबार साँझसम्म नौ सङ्क्रमित उपचाररत रहेका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो। स्थानीयवासीले निःशुल्क भोजनसहित सङ्क्रमितलाई हौसला बढाउने काम गरेको भन्दै प्रशंसासमेत भइरहेको छ। कोरोना रोकथाम तथा नियन्त्रणका लागि अक्सिजनसहित विभिन्न उपकरणसमेत जुटाउने गरिएको छ। अहिले देश नै सङ्कटमा परेको अवस्थामा राज्य र सरकारी निकायको मात्र मुख नताकी सबैले आ-आफ्नो स्थानबाट गर्न सकिने काम आफैँले गर्नुपर्ने स्थानीयवासीको भनाइ छ। सङ्क्रमितको मनोबल खस्कने र उनीहरू अपमानित हुने खालका कुनै पनि कार्य नगरी मनोबल बढाउने तथा उनीहरूलाई सहयोग पुग्ने खालका गतिविधि गरिदिन पिप्लेवासीले सम्पूर्ण नेपालीहरूसँग अनुरोध पनि गरेका छन्।

# प्राकृतिक चट्टान आरोहण संरक्षण गर्न माग

**पोखरापत्र संवाददाता**
**दमौली, ७ जेठ**

तनहुँको बन्दीपुर गाउँपालिका-४ विमलनगरमा रहेको चुनपहरा प्राकृतिक चट्टान आरोहण संरक्षण गर्न स्थानीयवासीले माग गरेका छन्।

पृथ्वीराजमार्गअन्तर्गत मुग्लिङ-पोखरा सडक बिस्तारका क्रममा चट्टान आरोहण मासिने भएपछि स्थानीयवासीले यसको संरक्षणका लागि माग गरेका हुन्। नेपाल खेलकुद महासङ्घका महासचिव मेखराज पौडेलको पहल र जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेको समन्वयमा स्थानीयवासी, खेलसँग सम्बन्धित सङ्घसंस्था र खेलाडीको भर्चुअल बैठकबाट नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष महेन्द्र रिजालको संयोजकत्वमा विमलनगर चुनपहरा प्राकृतिक चट्टान आरोहण संरक्षण समिति गठन गरिएको छ। समितिमा स्थानीयवासी लालकुमार श्रेष्ठ, प्रेम गुरूङ र सम्बन्धित वडाका प्रतिनिधि सदस्य रहनुभएको छ।

उक्त समितिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई ज्ञापनपत्र बुझाउँदै साहसिक खेलकुदका रूपमा रहेको चट्टान आरोहणलाई संरक्षण गर्न माग गरेको छ।

# शुक्लागण्डकीमा मोबाइल रक्तदान अभियान

**पोखरापत्र संवाददाता**
**दमौली, ७ जेठ**

निषेधाज्ञाको समयमा रगतको अभावहुँदैजानथालेपछिशुक्लागण्डकी नगरपालिकामा मोबाइल रक्तदान अभियान सञ्चालन गरिने भएको छ। दुलेगौंडास्थित शुक्लागण्डकी एफएम, लियो क्लब अफ दुलेगौंडा, खैरेनी सिटी र युवा नेपाल समिति तनहुँको बिहीबार बसेको बैठकले संयुक्तरूपमा अभियान सञ्चालन गर्ने निर्णय गरेको हो।

कोरोना महामारीमा ठुलो स‹ÿयामा रक्तदाताहरु जम्मा गराएर कार्यक्रम गर्न सकिने अवस्था नरहेकाले मोबाइल भ्यानमार्फत नगरका विभिन्न स्थानमा पुऱ्याएर रक्तदाताबाट रगत सङ्कलन गर्ने निर्णय गरिएको युवा नेपाल समितिका ऋतु भुवाईले जानकारी दिनुभयो। विभिन्न अस्पताल तथा क्षेत्रीय रक्त सञ्चार सेवा केन्द्र पोखराले रगत अभावमा सुत्केरी महिला, दीर्घ रोगी र मिर्गौलाका नियमित डायलाइसिसका बिरामीले कठिनाइ भोग्नुपरेको बताएपछि उक्त अभियान थालिएको उहाँले बताउनुभयो। शुक्लागण्डकी एफएमका स्टेशन म्यानेजर राजन उपाध्यायले नगरपालिकाको कोत्रे, गाछेपानी, दुलेगौंडा, ढोरफिर्दी, खैरेनीटार, बेलचौतारा र खैरेनीटारमा कार्यक्रम गरि ३० युनिट रगत सङ्कलन गर्ने लक्ष्य राखिएको जानकारी दिनुभयो। इच्छुक रक्तदाताहरुले व्यक्तिगत वा पाँच जनाको समुह बनाएर मोबाइल भ्यान बोलाउन सकिने उहाँले बताउनुभयो।

निषेधाज्ञाका कारण नियमितरूपमा रक्तदान हुन नसकेकाले रगतको अभाव हुन थालेको क्षेत्रीय रक्तसञ्चार सेवा केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले जानकारी दिनुभयो। पोखराका विभिन्न ठाउँमा मोबाइल भ्यान लगेर केही मात्रामा सङ्कलन गरिरहे पनि पर्याप्त नभएको उहाँले बताउनुभयो। जिल्ला सदरमुकाम दमौलीबाट निषेधाज्ञाको समयमा अत्यावश्यक बाहेकका पसल खोल्ने २१ व्यवसायीलाई शुक्रबार प्रहरीले नियन्त्रणमा लिएको छ। कोभिड-१९ को सङ्क्मणका कारण जिल्ला प्रशासन कार्यालय तनहुँले जारी गरेको निषेधाज्ञाको उल्लङ्घन गर्ने व्यवसायीलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

कोभिड-१९ बाट जोगिन जिल्ला प्रशासन कार्यालय तनहुँले गत वैशाख २२ गते रातिदेखि निषेधाज्ञा जारी गरेको छ। अत्यावश्यक बाहेकका दैनिक उपभोग्य पसललाई बिहान ९ बजेसम्म खोल्न अनुमति दिइएको छ। निषेधाज्ञाको अवज्ञा गरी व्यवसाय गरेको अवस्थामा व्यवसायीलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिनुभयो।

पक्राउ परेका व्यवसायीलाई एक घण्टा होल्डमा राखी जरिवानास्वरूप रु १०० जरिवाना गरी आगामी दिनमा यस्ता गल्ती नदोहोऱ्याउने शर्तमा छाडिएको उहाँले बताउनुभयो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : सत्कार मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : मन चञ्चल |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म: वि. स. १९९१/०४/१०

स्वर्गारोहण : वि.स. २०७८/०१/२७ गते

स्व: बालकृष्ण ताम्राकार

पोखरा महानगरपालिका वार्ड नं. १३ बाझापाटन मिलन मार्ग टोल विकास संस्थाका सदस्य प्रेम कुमार, मन्जुदेवी ताम्राकार/दिपक, उषा ताम्राकार/ नारान, अनिता ताम्राकारका बुबा/ ससुराबाबा **बालकृष्ण ताम्राकार** सदा मिठो बोल्ने अत्यन्त सरल, नम्र स्वभाव भएका व्यक्तिको ८७ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणबाट हामी सम्पूर्ण टोलवासीहरु अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। यस दुःखद घडीमा दिवंगत आत्माले चिरशान्ति पाओस, बैकुण्ठ लोक प्राप्त गरोस भनि इश्वरसँग प्रार्थना गर्दै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली एवम् हार्दिक समवेदना व्यक्त गर्दछौं।

सम्झना कार्की
अध्यक्ष तथा
**बाझापाटन मिलन मार्ग महिला समूह**
पोखरा-१३

रामराज सिग्देल
अध्यक्ष तथा
**बाझापाटन मिलन मार्ग टोल विकास समिति**
पोखरा-१३

# महामारीले गहिर्‍यायो हुँदा खाने र हुनेखानेबीचको खाडल

– कालिका खड्का

काठमाडौं, ७ जेठ (रासस)

कोभिड-१९ को महामारीमा हुँदा खाने र हुनेखानेबीचको खाडल चुलिँदै गएको छ। निम्न वर्गले धेरै अभाव झेल्नु परेको छ भने हुनेखाने वर्गले महिनौंका लागि आवश्यक सामग्री सञ्चित गरेको छ।

महामारीमा दैनिक ज्यालादारी गरेर खाने तथा समाजका तल्लो तहका वर्गले रोजगारी गुमाएका छन् । मजदुर, साना तथा खुद्रा व्यावसाय गर्ने, होटल रेष्टुराँमा काम गर्नेलाई बिहान-बेलुका हातमुख जोड्नै समस्या छ । शहर बस्न नसक्ने अवस्था भएपछि धेरैले झिटीगुण्टा बोकेर आ-आफ्नो गाउँमा लागिसकेका छन् । उनीहरूका लागि शहरमा खाने र बस्ने आधार छैन। यहाँ सहयोगका लागि कुनै सहारा छैन। त्यसैले यस महामारीमा सबैभन्दा ठूलो मारमा उनीहरू नै परेका छन्। तर, सरकारी रोजगारी, सबल बैंक तथा वित्तीय संस्थाका कामदारले खान र बस्नकै निम्ति अप्ठ्यारो भोग्नुपरेको छैन भने अस्पताल, औषधिको व्यापार गर्नेलाई फाइदा नै पुगेको छ।

समाजका उच्च वर्गका व्यक्तिलाई महामारीमा पनि स्वाथ्यको पहुँच छ। कोभिड-१९ यो दोस्रो लहरमा पहुँचवालाले घरमै अक्सिजन जोहो गरेका खबर सार्वजनिक भइरहेका छन् । उनीहरूले लागि निजी अस्पतालले शय्या (बेड) सुरक्षित गरेर राखेका छन् । कयौँले अस्पतालको बेड नै बुकिङ गराएको अवस्था छ। तर, गरिबले न आफ्नो ज्यान बचाउने प्राणवायु पाउने अवस्था छ न त अस्पतालको बेड नै । बल्लतल्ल बेड पाइहाले पनि खर्चले धान्न सक्ने अवस्था छैन।

नेपाल ट्रेड युनियन (जिफन्ट) का अध्यक्ष विनोद श्रेष्ठका अनुसार महामारीकै कारण ३० लाखले रोजगारी गुमाएका छन्। "हालसम्म ३० लाखले रोजगारी गुमाएको आकलन गरिएको छ, तथ्याङ्क सङ्कलन हुँदैछ", उहाँले भन्नुभयो, "बन्दाबन्दी भएको २१ दिन भयो, दैनिक ज्यालादारी गरेर खानेका खान र बस्नकै समस्या छ।" उहाँले गत वर्षको बन्दाबन्दीजस्तो देशभर निर्माणका काम बन्द भएका छैनन्। निर्माणका काम चलिरहेका छन् । सङ्गठित क्षेत्र सञ्चालन भइरहेको छ। यद्यपि मजदुरलाई दैनिक गुजारा गर्न मुस्किल छ । "निम्न वर्गका मजदुरलाई बिहान-बेलुका खान र बस्नकै विकराल समस्या छ", अध्यक्ष श्रेष्ठले थप्नुभयो, "कोरोना भाइरसको सङ्क्रमण भइहाले उपचार गर्न सक्ने अवस्था छैन, काम गर्ने मजदुरले खोप लगाउन पाएका छैनन् ।"

दैनिक तलब पाउन नसकेपछि शहरमा घरभाडा तिर्न सक्ने अवस्था छैन । घरबेटीले छुट दिँदैनन् । कयौँलाई आफ्नो गाउँको घर जान सक्ने अवस्था छैन। काठमाडौँ उपत्यका नजिकका जिल्लाबाट शहरमा मजदुरी गर्न आएकाहरू रातारात घर पुगेका छन्। उनीहरूको परीक्षण नहुँदा सङ्क्रमण गाउँसम्मै पुगेको अवस्था छ । अर्थशास्त्री डा चन्द्रमणि अधिकारीलाई विश्वरभर फैलिएको दुई चरणको कोरोना कहरले हुँदा खाने र हुनेखानेबीच ठूलो फेरबदल ल्याएकोप्रति चिन्ता छ । "पहिला निम्न वर्ग र निम्न मध्यम वर्ग भन्ने गरिन्थ्यो, मध्यम वर्गको पनि अहिले सञ्चित घटेर गएको छ", उहाँले थप्नुभयो, "धेरै परिवार दैनिक जीवन टार्न समस्यामा परेका छन्, गत वर्ष नै बन्दाबन्दीमा चार प्रतिशत गरिबी बढेको अध्ययनले देखाएको छ, यस वर्षको पनि अवस्था त्यस्तै छ।" नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको सर्वेक्षणअनुसार २० प्रतिशत उद्योगधन्दा बन्द भएका छन् । अहिले १०/१२ प्रतिशत व्यापार व्यवसाय बन्द भएका छन् । यस बीचमा हुने खाने र हुँदा खानेबीचको खाडल गहिरिएर गएको छ । "सम्पत्तिको सञ्चितमा मात्र होइन, दैनिकीमै खाडल बढेर गयो, भान्सा चलाउन, न्यूनतम स्वास्थ्य, शिक्षा, अनलाइनबाट पढाउनुको भार बढेर गयो", अर्थशास्त्री डा अधिकारीले थप्नुभयो, "सङ्क्रमणकालीन अवस्थामा शिक्षा, स्वास्थ्य, बेरोजगारी, बचपन, बुढ्यौलीको जिम्मा राज्यले लिन सक्नुपर्छ।" आम नेपालीको पहिला सामान्य अवस्थामा पनि ठूलै रोग लागे ज्यान फाल्नुपर्ने अवस्था थियो, तर अहिले महामारीले अझ धेरै ठूलो फेरो बढाएर लगेको छ । "महामारीका बेलामा आम जनतालाई सम्बोधन गर्ने खालको बजेट ल्याउनुपर्छ, बजेटमा कतिपय नीति तथा कार्यक्रमलाई छाडेर भए पनि मानिसको जीवनरक्षा गर्न लाग्नुपर्छ", सरकारलाई सुझाव दिँदै उहाँले भन्नुभयो। सामान्य जीवन चलाउनुपर्ने व्यवस्थाको संरक्षण र बन्द हुन खोजेको व्यवस्थालाई पुनःउत्थान गर्ने खालको बजेट ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँका अनुसार शिक्षा, स्वास्थ्य, बेरोजगारी, बचपन, बुढ्यौलीको जिम्मा राज्यले लिएमा देशमा भ्रष्टाचार कम हुन्छ । सुशासन कायम हुन्छ । महामारी समयावधि आंकलन गरेर अल्पकालीन र दीर्घकालीनरूपमा योजना बनाएर जानुपर्छ। सरकारले तत्कालीन र दीर्घकालीन योजना बनाएर हुँदा खाने र हुनेखानेबीचको खाडललाई पुर्नुपर्छ।

आर्थिक वर्ष २०७६/७७ को आर्थिक सर्वेक्षणअनुसार कूल जनसङ्ख्याको १८.७ प्रतिशत जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । नवौं पञ्चवर्षीय १५ योजनाले ९.५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। विसं २१०० सम्मको दीर्घकालीन लक्ष्यअनुसार निरपेक्ष गरिबी शून्यमा झार्ने लक्ष्य लिएको छ। यी लक्ष्य गत वर्ष र यस वर्षमा बन्दाबन्दीका कारण अर्थतन्त्र विस्तार हुनसकेको छैन । गरिबीसम्बन्धी लक्ष्यहरू भेट्टाउने अवस्था छैन । लाखौँ नेपाली जनताको स्वास्थ, शिक्षामा पहुँच पुग्ने अवस्था छैन । उनीहरूको आधारभूत आवश्यकता पनि र पूरा गर्न सक्ने अवस्था छैन। यो महामारीले झनै हुँदा खाने र हुनेखानेबीचको दूरी फराकिलो पारिदिएको छ। त्यो खाडल पुर्नका लागि राज्यकै उपयुक्त नीति तथा कार्यक्रम जरुरी छ।

# स्वास्थ्यकर्मीसहित संक्रमित भेट्न जनप्रतिनिधी घरघरमा

पोखरापत्र संवाददाता

तनहुँ, ७ जेठ

जिल्लाको बन्दिपुर गाउँपालिकाका जनप्रतिनिधिहरू स्वास्थ्यकर्मी लिएर कोरोना सङ्क्रमित भेट्न घरघरमा पुगेका छन्। गाउँपालिकाका अध्यक्ष पुर्णसिं थापा, उपप्रमुख करुणा गुरुङ, स्वास्थ्य शाखाका प्रमुख अंजिर भट्टराई सहितको टोली कोरोना पोजेटिभ पुष्टि भई होम आइसोलेशनमा बस्दै आएकाको घरदैला पुगेको हो।

घरदैलो अभियानमा सामान्य औषधी र स्वास्थ्य सामग्री प्रदान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो । गाउँपालिकाको वडा नं ३ रामकोटका १८ र वडा नं ५ याम्पाका नौ गरी २७ सङ्क्रमितलाई भेटघाट गरी सान्त्वना दिनुको साथै सुरक्षित भएर रहन आग्रह गरिएको उहाँले बताउनुभयो । रामकोटमा बाक्लो बस्ती भएका कारण सुरक्षित हुन कठिनाई देखिएकाले सचेत गराउनको लागि पनि स्वास्थ्यकर्मीको सहित गएको हो ।

रामकोट क्षेत्रमा घरहरू जोडेर बनाइएको छ। यहाँ १०० बढी मगर समुदायको बाक्लो बस्ती छ। सङ्क्रमित भई होम आइसोलेशनमा रहेकाको आत्मबल बढाउनका लागि पनि घरघरमा पुगिएको गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो । सङ्क्रमित भई आइसोलेशनमा बस्दाको समयमा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका मापदण्ड तथा आहारबिहारलगायत विषयमा सचेत गराइएको उहाँले जानकारी दिनुभयो । घरमै स्वास्थ्यकर्मी सहितको टोली पुग्दा सङ्क्रमितहरू खुशी भएका छन् ।

सांसद कृष्णकुमार श्रेष्ठ (किसान)ले जिल्लाका सञ्चारकर्मीलाई बिहीबार स्वास्थ्य सामग्री हस्तान्तरण गर्नु भएको छ। श्रेष्ठले नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाका अध्यक्ष उज्वल पौडललाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको हो। श्रेष्ठले २०० एन्-९५ मास्कसहित सामग्री प्रदान गर्नुभएको शाखाका अध्यक्ष पौडेलले जानकारी दिनुभयो।

# मध्यपहाडी लोकमार्गको पर्वत खण्डमा काम रोकियो

पोखरापत्र संवाददाता

पर्वत, ७ जेठ

कोभिड-१९ को प्रकोपका कारण निषेधाज्ञा भए पनि निर्माण भइरहेको राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको पर्वत खण्डमा निर्माणकार्य रोकिएको छ।

तनहुँबाट कास्की हुँदै निर्माण सामग्री आपूर्तिमा प्रहरीले अवरोध गरेपछि सडक कालोपत्र गर्ने काम प्रभावित भएको हो। कालोपत्रका लागि डिबिएसडी गिट्टी ढुवानी गर्न नसक्दा काम रोकिएको निर्माण कम्पनीले जनाएको छ । कास्की प्रहरीले पोखराको सिमपानीबाट निर्माण सामग्री ढुवानी गर्न सवारी साधनलाई जिल्ला प्रवेश गर्न नदिएपछि पर्वतबाट पठाएका टिपर पोखराको सिमपानीमा रोकिएका छन्।

कालोपत्रका लागि चिप्स तनहुँको कोत्रेबाट ढुवानी हुँदै आएको छ। लकडाउनको समयमा पनि राष्ट्रिय गौरवका आयोजना र अन्य विकास योजनाको काम नरोक्ने जिल्ला प्रशासन कार्यालय पर्वतको निर्णयानुसार काम भइरहेको छ । पर्वतबाट अनुमति भए पनि कास्कीमा ढुवानी गर्ने साधनको चाबीसमेत ट्राफिक प्रहरीले खोसेको लामा कन्स्ट्रक्शन कम्पनीका प्रतिनिधि राजाराम आचार्यले गुनासो गर्नुभयो। "कास्की प्रहरीले पर्वतबाट टिपरलाई प्रवेश गर्न नदिएपछि कालोपत्रकोकामरोक्नुपर्नेअवस्थामा पुग्यौँ", आचार्यले भन्नुभयो, "राष्ट्रिय गौरवको आयोजनाको काम नरोक्ने भनिए पनि सहजीकरण नहुँदा अलपत्र पर्ने अवस्था आयो ।" निर्माण कम्पनीका अनुसार आयोजनाको पर्वतको प्रवेशद्वारबाट मालढुङ्गासम्मको २३ दशमलव ७६९ किलोमिटर स्तरोन्नतिको काम कम्पनीले गरिरहेको छ। वैशाख मसान्तसम्म ९० प्रतिशत काम सकिएको कम्पनीका प्रतिनिधि आचार्यले बताउनुभयो । अहिले पर्वतको कुश्माबजारमा दुई किलोमिटर र केही ठाउँमा छिटपुटरूपमा बाहेक सबै ठाउँमा कालोपत्र गर्ने काम सकिएको छ। मनसुन शुरु भएपछि कालोपत्र गर्ने काम प्रभावित हुने भएकाले जेठ महिनामै सक्ने लक्ष्यसहित काम भइरहेको छ । कालोपत्रका लागि अत्यावश्यक कच्चा पर्दाथ नै ढुवानी गर्न नपाएको अवस्थामा भने कामबाट हात झिक्नुको विकल्प नभएको कम्पनीका प्रतिनिधि आचार्यले बताउनुभयो। "काम गर्छुभन्दा पनि प्रहरीले सहजीकरण गर्नुपर्नेमा उल्टै अवरोध गर्ने काम भयो ।" उहाँले भन्नुभयो, "डिबिएसडी गिट्टी नै नभएपछि निर्माणको काम स्थगन गर्नुको विकल्प रहेन ।" कास्की प्रहरीका प्रमुख जीवनकुमार श्रेष्ठ भने मध्यपहाडी लोकमार्ग, पोखरा विमानस्थललगायत राष्ट्रिय गौरवका आयोजनाको काममा अवरोध गर्ने नीति नभएको बताउनुहुन्छ । उहाँले समन्वय नभएका कारणले रोकिएको भए सहजीकरण गरेर आयोजनाका लागि निर्माण सामग्री ढुवानीमा अवरोध नहुने स्पष्ट पार्नुभयो। "राष्ट्रिय गौरवको आयोजनाको कामलाई सहजीकरण गर्ने निर्णय भएको छ ।" उहाँले भन्नुभयो, "आयोजना कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट सहजीकरण गरेर काम अगाडि बढाउनुपर्छ, तर आयोजनाको कामका नाममा गलत फाइदा उठाउन भएन।"

# पिसिआर परीक्षण नबढ्दा गाउँभरि संक्रमित

पोखरापत्र संवाददाता

बागलुङ, ७ जेठ

कोरोनाको सङ्क्रमण भुसको आगो झैँ सल्किएपनि नगरपालिकाले पिसीआर गर्ने काममा अझै आलटाल गरिरहेको स्थानीयले आरोप लगाएका छन्।

पटकपटकका दबाबपछि बागलुङको ढोरपाटन नगरपालिकामा गरिएको केही परीक्षणमा ८० प्रतिशतसम्म सङ्क्रमित भेटिए पनि जनप्रतिनिधिले अझैपनि चासो नदेखाउँदा गाउँमा सङ्क्रमण फैलिन सक्ने भन्दै स्थानीयवासी चिन्तित बनेका छन्।

नगरपालिकामा तत्कालीन गाविस अध्यक्षसहित चार जनाको कोरोनाका कारण मृत्यु भैसकेको छ । पालिकामा भएको भिटिएम पनि प्रयोगमा आई नसकेकाले परीक्षणको दायरा बढाउन नसकिएको स्वास्थ्य शाखाका प्रमुख घनश्याम चालिसेले बताउनुभयो। पालिका तहबाट वडा नं. ९ को केही स्थानमा मात्रै परीक्षण भएको हो। नगरपालिकाको चासो नदेखाएपछि वडा नं. ४ ले आफ्नै पहलमा परीक्षण थालेको जनाएको छ। ''समयमा परीक्षण नगर्दा गम्भीर बिरामी भएपछि मात्रै अस्पताल आउनेहरूले ज्यान गुमाइरहेका छन्'', स्वास्थ्य कार्यालय बागलुङका कोभिड स्रोत व्यक्ति देवप्रकाश घिमिरेले भन्नुभयो, ''घर घरमा रोगको भयावह अवस्था छ, त्यो खोजी हुन सकेको छैन।''

गत वैशाख पहिलो सातादेखिको निशेधाज्ञा पालना नहुँदा सङ्क्रमण फैलिएको स्वास्थ्यकर्मीको टिप्पणी छ । '' विवाह भोजले गाउँ तहसम्म सङ्क्रमण फैलियो, अहिले शङ्कास्पद सङ्क्रमितको मलामी पनि उत्तिकै भीड छ'',बडिगाड गाउँपालिकाको स्वास्थ्य प्रमुख चुडामणी कँडेलले भन्नुभयो, ''सयौं सङ्क्रमित थपिने खतरा बढिरहेको छ ।'' अझै पनि पालिका तहबाट परीक्षणको दायरा बढाउने कुरा नचलेको उहाँले टिप्पणी गर्नुभयो। परीक्षण गर्ने र सङ्क्रमितलाई अलग नगरेसम्म महिनौ निशेधाज्ञा लगाएपनि नियन्त्रण नहुने स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौले बताउनुभयो । जिल्लामा बिहीबारसम्म एक हजार सक्रिय सङ्क्रमित पुगिसकेका छन्। परीक्षण गरिएकामध्ये ६० देखि ८० प्रतिशतसम्म सङ्क्रमित भेटिएका छन्।

# कृषकलाई छैन बजारको समस्या

पोखरापत्र संवाददाता

पर्वत, ७ जेठ

अघिल्लो वर्षको निषेधाज्ञाको अवधिमा करोडौँ मूल्यको तरकारी, फलफूल कुहाउन बाध्य भएका पर्वत कृषकले यस वर्ष भने राहत पाएका छन् । विगत तीन सातादेखि जिल्लाभर निषेधाज्ञा लागू गरिएको भए पनि पर्वतमा उत्पादित कृषि उपज ढुवानी र बजारीकरणमा समस्या नपरेको पर्वतका किसानले बताएका छन्।

गत वर्ष कोरोनाका कारण उत्पादित कृषि उपज बजार पठाउन नपाउँदा बारीमा कुहाए पनि यस वर्ष भने बजारीकरणमा समस्या नभएको किसानले बताएका हुन्। जिल्लाको जलजला गाउँपालिका-७ सल्यानका किसान एकनारायण पौडेलले गत वर्ष बारीमै तरकारी कुहिए पनि यस वर्ष भने कुनै समस्या नभएको जानकारी दिनुभयो। उहाँले ढुवानीका साधनलाई स्थानीय प्रशासनले आवातजावतमा कुनै रोक नलगाएपछि तरकारी ढुवानीमा बाधा नभएको बताउनुभयो । जलजला कृषि बजारले पनि किसानका उत्पादन गाउँमै पुगेर ढुवानी गर्दै आएको छ । स्थानीय कृषक नरबहादुर केसीले जलजला कृषि बजारले गाउँमै आएर तरकारी ढुवानी गरिदिँदा बिक्री नहुने समस्या हटेको बताउनुभयो।

जिल्लाको मोदी गाउँपालिकामा उत्पादित तरकारी तथा दूध मोदीखोला बहुउद्देश्यीय सहकारीले स्थानीय बजारसँगै पोखरासम्म बजारीकरणमा सहजीकरण गर्दा बिक्रीको समस्या नरहेको बताएका छन् । सहकारीका अध्यक्ष गङ्गा तिमिल्सिनाले किसानका उत्पादन ढुवानी र बिक्री वितरणमा सहयोग गर्दै आएको बताउनुभयो।

कुश्मा नगरपालिका र फलेवास नगरपालिकाका किसानले डोकोमा बोकेर भए पनि कुश्मामा तरकारी बेच्दै आएका छन् । गत वर्ष भने कोरोनाको त्रासले उपभोक्ताले बजारको तरकारी किनेर नखाने समस्यासमेत थियो । यस वर्ष जिल्लाभर निषेधाज्ञा भए पनि तरकारीको ढुवानीमा कुनै रोकतोक नभएको किसानहरूले बताएका छ।

कृषि ज्ञान केन्द्रका प्रमुख मनिता थापाले बाहिरी जिल्लाबाट ढुवानी रोकेर जिल्लाभित्रको उत्पादन आन्तरिक बजारमा खपत गर्न थालिएकाले किसानलाई बजारको समस्या नभएको जानकारी दिनुभयो। उहाँले पोखरा, काठमाडौँ, चितवनतिरबाट आउने तरकारी नल्याउन व्यापारीलाई अनुरोधगरिएकोरसकेसम्मजिल्लाकै किसानको उत्पादन बेच्न भनिएको बताउनुभयो । अहिलेको सिजनमा पर्वतमा घिरौँला, काँक्रा, मुला, सिमी, गाँजर, करेला, जुकेनी, लौकालगायत मौसमीतथाबेमौसमीतरकारीउत्पादन भइरहेको छ। स्थानीय गोलभैँडाको भने बजारमा माग उच्च छ तर उत्पादन कम रहेको छ। पर्वतका किसानले कुश्माबजारबाहेक बागलुङ, म्याग्दी, पोखरा र मुस्ताङसम्म तरकारी बिक्री गर्दै आएका छन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९९३/०९/१२ गते

स्वर्गारोहणः
वि.स. २०७८/०१/२९ गते

स्वः बालकुमारी कोइराला

हाम्रा शुभचिन्तक लोकदर्शन कोइराला, राधाकृष्ण कोइराला, कालिप्रसाद कोइराला, नीलकण्ठ कोइराला एवं सुजा बास्तोलाकी ममतामयी आमा **बालकुमारी कोइराला** को ८५ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज ११ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार** **हिमालय अफसेट प्रेस परिवार**

पोखरा-९, नयाँबजार